नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+ code: ~~476K+J6~~
Google Plus Code 476W+J6F
बागमती प्रदेश, नेपाल

पत्र संख्या :०८१/८२
चलानी नं :-

## सूचना

नेपालीहरूको महान चाड शुभ दिपावली, नेपाल सम्वत ११४५ तथा छठ पर्वको उपलक्ष्यमा नेपाली दिदी बहिनी तथा दाजु भाइ सबैमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

ऐतिहासिक महत्व बोकेका साँस्कृतिक गौरवका यी चाडपर्वहरू सामाजिक सद्भाव र भाईचारा कायम गर्दै न्यायपूर्ण समाज निर्माण गर्न प्रेरक रहेका छन्। चाडपर्वहरूको यस अवसरमा शान्ति सुरक्षामा असर पर्ने गरी सार्वजनिक स्थानमा होहल्ला एवम् झै झगडा गर्ने, मादक पदार्थको सेवन गरी पारिवारिक एवम् सामाजिक जनजीवन तथा सार्वजनिक मर्यादा र शान्ति खलल गर्ने, कानून विपरीत जुवातास, लङ्गुरबुर्जा खेल्ने/खेलाउने, भुइँचम्पा, पटका, आतसबाजी जस्ता विपद् जोखिम निम्त्याउने तथा वातावरण प्रदुषण हुने विष्फोटक एवम् प्रज्वलनशील पदार्थको प्रयोग, ओसार पसार, बिक्री वितरण गर्ने जस्ता कार्य नगर्न/नगराउन अनुरोध छ। कानूनले निषेध गरेका यस्ता गतिविधि गरे/गराएमा कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ।

साथै, देउसी भैलो लगायतका साँस्कृतिक कार्यक्रमहरू मर्यादित, अनुशासित एवम् व्यवस्थित ढङ्गले सञ्चालन गर्न गराउनुहुन अनुरोध छ।

सूचनामा उल्लेखित कुराहरूको बर्खिलाप हुने गरी कोही कसैले कुनै गतिविधि गरे/गराएको पाईएमा नजिकैको प्रहरी चौकी वा १०० मा जानकारी गराउनुहुन समेत अनुरोध छ।

**मिति: २०८१।०७।११ गते**

(अर्जुन पौडेल)
प्रमुख जिल्ला अधिकारी